# वार्षिक नीति, कार्यक्रम तथा बजेट

## आ.व. ०७८/०७९

**सभापोखरी गाउँपालिका**

**जिल्ला संखुवासभा**

**प्रदेश नं.१, नेपाल ।**

**मितिः २०७८।०३।१०**

**सभाध्यक्ष महोदय,**

**गाउँ सभा सदस्य ज्यूहरु,**

१. सभापोखरी गाउँपालिकाको सातौं गरिमामय गाउँ सभालाई सम्बोधन गर्दै आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

२. विश्वव्यापी माहमारीको रूपमा फैलिएको कोराना भाइरस कोभिड-१९ को चपेटामा परिरहेको चूनौतिपूर्ण र असहज परिस्थितिमा स्थानीय सरकारको रूपमा रहेको यस सभापोखरी गाउँपालिकाको आ.व. २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु। सारा विश्व मानवजाति यस माहमारीको रोकथाम तथा नियन्त्रणका लागि विश्व समुदायविच सहकार्य, ऐक्यबद्धता, र आत्मविश्वासका साथ अगाडि बढ्नुपर्ने छ।

३. लोकतन्त्र प्राप्तिको सङ्घर्षमा जीवन उत्सर्ग गर्नुहुने सहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु। सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रहित, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु।

४. संघात्मक शासन व्यवस्था नेपाली जनताको त्याग, बलिदान र लामो सङ्घर्षको उपलब्धि हो। यो सरकार जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि जनताले बनाएको शासकीय व्यवस्था हो। राष्ट्रलाई यस युगान्तकारी मोडमा ल्याइपुर्‍याउने क्रममा जनताले गर्नुपरेको त्याग, बलिदान र व्यहोर्नुपरेको दुःखकष्टको पूर्ण सम्मान गर्दै लोकतन्त्रको रक्षा, सुदृढीकरण र सही प्रयोगमा यो स्थानीय सरकार अडिग रहनेछ।

५. जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य र सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समाज यस सरकारका आदर्श हुनेछन्।

६. समृद्धि अब नेपालका लागि मृगतृष्णा मात्र हुन सक्दैन। विकास बाहेक समृद्धि हासिल गर्ने अर्को बाटो छैन। विकासका लागि शान्ति र स्थायित्वमा यस स्थानीय तहले गम्भीरताका साथ ध्यान दिनेछ। तथ्य, तर्क र कनूनका आधारमा नागरिकका जायज मागहरुलाई सुन्ने र पुरा गर्ने काम हुनेछ।

७. "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने नेपाल सरकारको दीर्घकालीन उद्देश्य हासिल गर्न स्थानीय तहमा "समृद्ध सभापोखरी, सुखी सभापोखरीबासी" को लक्ष्य हासिल गर्न विभिन्न विषयक्षेत्रगत नीति अवलम्बन गरिनेछ।

८. राष्ट्रियता, लोकतन्त्र, विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सहमतिका साथ अघि बढ्न सभापोखरी गाउँपालिका प्रतिबद्ध छ। यो प्रतिबद्धता पुरा गर्नसभापोखरी गाउँपालिका सबै राजनीतिक दल र अन्य सरोकारवालाको साथ र सहकार्यको लागि आव्हान गर्दछ।

९. वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्नेतर्फ केन्द्रित भएर यस सरकारले आर्थिक वर्ष २०७८/०७९ का नीति तथा कार्यक्रमहरु तय गरेको छ। यो आर्थिक वर्ष सभापोखरी गाउँपालिकाको लागि समृद्धिको इतिहास रच्ने आधार वर्ष हुनेछ।

१०. सभापोखरी गाउँपालिकाले विकासप्रतिको सोच र प्रक्रिया, कार्यसंस्कृति, शासकीय प्रणाली, अर्थतन्त्रको संरचना र सामाजिक न्यायका क्षेत्रमा रुपान्तरण गर्नेछ। विकास नीति, रणनीति, कार्यनीति, कानून, संस्था, जनशक्ति र स्रोत साधन, सहभागिता, सेवाप्रवाह र नतिजा अनुगमन एवम् मूल्याङ्कनका क्षेत्रमा आमूल परिवर्तन गरिनेछ।

११. विश्वव्यापी माहामारीको रूपमा फैलिएको कोराना भाईरस (कोभिड-१९) को रोकथाम नियन्त्रका लागी बजेटको व्यवस्था।

१२. भौतिक पूर्वाधार विकास तर्फ गाँउपालिकाको प्रशासकिय भवन, बाँकि रहेका वडा कार्यालयका भवन,स्वास्थ्य संस्थाका भवन र सामुदायिक भवनहरू निर्माणमा विशेष जोड दिईनेछ।

१३. हाम्रा नीतिहरु प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन् । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिइनेछ, आवश्यकता अनुसार नयाँ नीति र कानून निर्माण गरिनेछ।

**सभाध्यक्ष महोदय,**
**गाउँसभा सदस्य ज्यूहरू,**
अब म सभापोखरी गाउँपालिकाको आ.व. २०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट पेश गर्ने अनुमति चाहान्छु।

## १. आर्थिक विकास सम्बन्धी नीति

### कृषि

१४. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ।

१५. कृषि उपजको सम्भावना भएका क्षेत्रहरूको पहिचान गरि उत्पादनमा वृद्धि गर्न पकेट क्षेत्रको घोषणा गरि कृषकहरूलाई आत्मनिर्भर बनाउन कृषि पर्यटन क्षेत्र घोषणा गर्न आवश्यक नीतिहरू अवलम्वन गरिनेछ।

१६. निर्वाहमुखी कृषि पद्दतिलाई पूर्ण रुपमा व्यवसायिक कृषितर्फ रुपान्तरण गर्न माटो परीक्षण, जलवायु अनुकूल कृषि बालीको छनौटलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिनेछ।

१७. प्रमुख कृषि उपज, पशुपन्छीजन्य तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने र उच्च मूल्यका कृषि उपजहरुको निर्यात वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। निर्यातयोग्य उच्च मूल्यका कृषि उपजहरुको खेतीलाई प्रोत्साहन गरिनेछ। अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन र कृषिजन्य उपजको आयातलाई निरुत्साहन गरिनेछ।

१८. कृषिजन्य वस्तु उत्पादन बढाउन कृषकहरूलाई तालिम तथा भ्रमण अवलोकनमा लैजाने नीति अवलम्बन गरिनेछ।

१९. कृषि पेशालाई मर्यादित बनाउन कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने यस मार्फत कृषकहरूलाई कृषिमेला सञ्चालन गरि उत्कृष्ट कृषकहरूलाई पुरस्कृत र प्रोत्साहन गरिने र उत्कृष्ट उत्पादनको ब्राण्डिङ गर्ने नीति लिईनेछ।

२०. कृषि उत्पादनलाई चाहिने मल, बिऊ, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरु कृषि तथा पशु सेवा केन्द्रमार्फत उपलब्ध गराइनेछ। कृषकहरुलाई माटो परीक्षण प्रमाणपत्र वितरण, कृषि बीमा बिस्तार, कृषि ज्ञान केन्द्रको स्थापना गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

२१. कृषिजन्य उपजको भण्डारणका लागि शीत भण्डारणको व्यवस्था गर्न आवश्यक नीति अवलम्बन गरिनेछ। कृषि उत्पादनका साधनहरुको उपलब्धता, उत्पादन, सञ्चय, बिक्री बितरण र मूल्यको अनुगमन र नियमन गरिनेछ।

२२. आधुनिक प्रविधिको प्रयोग गरी साना तथा मझौला सिंचाई आयोजनाहरुको निर्माण तथा कार्यान्वयनबाट कृषियोग्य जमिनमा सिंचाई सुविधा विस्तार गरिनेछ।

२३. उन्नत जातको अलैंचीखेतीको लागि कृषि साझेदारीहरुसँग समन्वय गरी अन्तर्राष्ट्रिय बजारसम्म पहुँच वृद्धि गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

२४. खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई व्यवस्थित गर्न बजार अनुगमन तथा ब्यवस्थापन समिति गठन गरी खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) कार्यान्वयन गरिनेछ।

२५. कृषि उत्पादनलाई व्यवस्थित र सुरक्षित बनाउन आधारभूत कृषिजन्य बालीहरुमा रोगहरुको पहिचान र सचेतना अभिवृद्धि गर्न आवधिक रुपमा कृषिजन्य तालिम सञ्चालन गरिनेछ।
२६. सभापोखरी गाउँपालिकामा कृषि पेशामा आवद्ध कृषकहरुको आयआर्जन वृद्धि तथा मौसमी बेरोजगारीलाई न्यूनीकरण गर्न कृषि सहकारी सञ्चालनलाई प्रोत्साहन गरिनेछ।
२७. खाद्य असुरक्षालाई न्यूनीकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य योजना (Food Security Response Plan) तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ।
२८. सुख्खा क्षेत्रमा थोपा सिंचाई तथा फोहोरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ।
२९. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिने, यसको लागि ग्रामीण स्तरमा बिउ बैंक (seed bank) स्थापना गर्न आवश्यक नीति तय गरिनेछ।
३०. फलफूल र आलु तथा अन्य तरकारी  भण्डारणका लागि सेलर स्टोर तथा रष्टिक स्टोरको निर्माणका लागि यस गाउँपालिकामा कार्यरत संघ संस्थासँग समन्वय गरिनेछ।
३१. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीमा आधारित विक्री वितरण प्रणाली (co-operative marketing system) लाई प्रोत्साहन गरिनेछ।
३२. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा परेको प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ।
३३. जडिबुटि नर्सरी केन्द्र र नमुना आधुनिक खेती व्यवसायलाईबढावा दिइनेछ।
३४. अर्गानिक खेती जस्तै तरकारी, च्याउ,    खेतीफलफुल व्यवसायलाईमाबेरोजगार युवाहरुमा लक्षित गरी स्वरोजगार बनाउन नीजि तथा व्यक्तिगत तवरमा बिशेष सहयोग प्रदान गरिनेछ।
३५. अलैंची गुणस्तर वृद्धि तथा बजारीकरणको लागि  सुधारिएको भट्टीअनुदान र वितरणमा सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरिनेछ।
३६. भकारो सुधार कार्यक्रमलाई कार्यान्वियनमा ल्याउनुका साथै जैविक मल तथा विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।
३७. ठाउँ तथा हावापानी अनुसार सुहाउँदो फलफुलहरुको बोट बिरुवा लगाई क्षेत्र बिस्तार गरिने छ।
३८. गरीब तथा विपन्न परिवारहरुलाई पहिचान गरी तरकारी खेतीमा अनुदान दिने  नीति लिईनेछ।
३९. कृषि क्षेत्रमा कार्यरत निजी, सहकारी, सरकारी तथा गैरसरकारी संस्थाहरू विच समन्वय, सहकार्य गर्दै साझेदारीमा काम गर्ने नीति अवलम्वन गरिनेछ।
४०. यसगाउँपालिकामा अन्य आवश्यकता अनुसार फलफुल तथा तरकारी संकलन केन्द्र निर्माण गर्न पहल गरिनेछ।

**पशुपन्छी**

४१. पशुपन्छि जन्य उपजको सम्भावना भएका क्षेत्रहरूमा पशु व्यवसाय मार्फत उत्पदनमा वृद्धि गर्न पकेट क्षेत्रको घोषणा गरि पशुपन्छी पर्यटन क्षेत्र घोषणा गर्न आवश्यक नीतिहरू अवलम्वन गरिनेछ।
४२. पशु व्यवसायलाई व्यवस्थित गर्न पशु चरणको लागि सम्भावित ठाउँ पहिचान गरी सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।
४३. मौसमी कृत्रिम गर्भाधान (Artificial Insemination) लाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गर्न र ती ठाउँमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गरिनेछ। यसका साथै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

४४. आधुनिक व्यावसायिक भेडा,बाख्रा,गाई,भैंसी, बंगुर लगायत अन्य पशुपंक्षी फर्मको विकास गर्न जोड दिइनेछ।

४५. हिउँदमा पशुहरुको आहारा आपूर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान रसंरक्षण गरी स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ।

४६. यस गाउँपालिकामा आवश्यकता अनुसार आधुनिक बधशाला निर्माण गर्न पहल गरिनेछ।

४७. गाउँपालिकाका प्रत्येक वडामा पशु स्वास्थ्य सेवा सुनिश्चत गर्न निजी पाराभेट र ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु परिचालनमा गाउँपालिकाको संलग्नतालाई प्रोत्साहन गरिनेछ।

४८. पशुपन्छी जन्य वस्तु उत्पादन बढान कृषकहरूलाई आवश्यक तालिम, भ्रमण अवलोकनमा लगिनेछ।

४९. गाउँपालिका स्तरीय घुम्ती पशु शिविर सञ्चालन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

**सहकारी**

५०. स्थानीय सहकारी ऐन तर्जुमा गर्ने रस्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरु, दर्ता हुन आउने संस्थाहरुको सञ्चालन, नवीकरण, नियमन र खारेजी गरिनेछ।

५१. स्थानीय तहको दीगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रुपान्तरणका लागि सवल र सक्षम सहकारी प्रणालीलाई विकास गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

५२. स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाईअर्थतन्त्रको एक सबल स्तम्भको रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको लक्ष्यमा योगदान पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

५३. शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास रसहकारीसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा आवश्यक नीतिहरूअवलम्बन गरिने छ।

५४. कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउने नीति अवलम्बन गरिनेछ।

५५. सहकारीको विकास, विस्तार र प्रवर्द्धनको लागि दीर्घकालीन योजना, मानव संशाधन विकास, आवश्यक संगठन संरचनाहरुको निर्माण एवम् कानुनी व्यवस्थाहरु तय गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

५६. सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, नीजी क्षेत्र तथा विकास साझेदारहरु बीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

५७. सहकारीको निर्दिष्ट मूल्य र सिद्दान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सहकारी क्षेत्रमा सुशासन कायम गर्ने नीति अंगीकार गरिनेछ।

५८. सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी, प्रभावकारी एवम् गुणस्तरीय बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।

५९. महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गरिनेछ।

**उद्योग**

६०. सभापोखरी गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका ठूला, मझौला, घरेलु तथा साना उद्योगहरुको विवरण अद्यावधिक गरी उक्त उद्योग व्यवसायको अधिकृत पूँजी, स्वरुप, प्रकृति, क्षेत्रका आधारमा वर्गीकरण गर्ने तथा सञ्चालन र नियमनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

६१. घरेलु तथा साना उद्योगहरुलाई कच्चा पदार्थको आयात तथा उद्योगजन्य उत्पादनको निर्यात, वस्तुको बजारीकरणमा विशेष सहुलियत दिइनेछ ।

६२. सभापोखरी गाउँपालिकामा सहकारीमार्फत सञ्चालित जडिबुटी तथा कृषिजन्य उद्योगलाई बढावा दिइनेछ ।

६३. सभापोखरी गाउँपालिकामा प्रचुर मात्रामा सम्भावना रहेको सम्भाव्य उत्पादनलाई व्यवसायीकरण गर्न आगामी आर्थिक वर्षबाट औद्योगिक ग्रामको स्थापना गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

६४. सभापोखरी गाउँपालिकाभित्र घरेलु तथा साना उद्योगको विस्तार गरिनेछ । स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी राडीपाखी, खाँडी, अल्लो ढाका जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई अनुदानको व्यवस्था गरिनेछ ।

६५. सभापोखरी गाउँपालिकामा बाँसजन्य उत्पादनलाई व्यवसायीकरण गर्न विषय विशेषज्ञसँगको समन्वयमा सीपमूलक तालिम सञ्चालन  गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

६६. काठजन्य उद्योगलाई व्यवस्थित गर्न सभापोखरी गाउँपालिकाले आवश्यक नीति अवलम्बन गर्नेछ ।

## रोजगार प्रवर्द्धन

६७. प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम को लगत संकलन गर्ने, पहिचान गर्ने र कार्यन्वयन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।

६८. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

६९. गाउँपालिकाबाट आ.व. २०७८/०७९ मा वार्षिक बजेट विनियोजन गर्दा प्रत्यक्ष रोजगारी सिर्जना हुने आयोजनाहरुलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।

७०. गाउँपालिकाबाट विनियोजित योजनाहरुबाटप्रत्यक्ष लाभग्राहीहरु स्थानीयबासी हुने र स्थानीयबासीमा रोजगारी सिर्जना हुने अवस्थामा उक्त आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ ।

७१. बैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ ।

७२. गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी विभिन्न क्षेत्रहरुमा सीप तथा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गर्ने प्रस्तावना पेश भएको खण्डमा उक्त कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरुसँग समन्वय गरेर दोहोरोपन नआउने गरी क्षेत्र निर्धारण गरिनेछ ।

७३. वैदेशिक रोजगारबाट आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरीस्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गरिनेछ ।

## गरीबी न्यूनीकरण

७४. नेपालको संविधानमा उल्लिखित जनताको मौलिक हक तथा सम्बद्ध नीतिहरुको साथै दीगो विकासका लक्ष्य अनुसार गरीबी हटाउने कार्यको लागि समेत सभापोखरी गाउँपालिकाले आवश्यक रणनीति र कार्यनीति तय कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

७५. यस गाउँपालिकालाई गरिबीमुक्त गाउँपालिकाको रुपमा विकास गरिनेछ । गरिबी निवारण तथा सामुदायिक विकासमा संलग्न गैरसरकारी संस्था तथा वैदेशिक सहयोगलाई एकद्वार प्रणालीमार्फत गरिबी घटेको परिणाम देखिने कार्यक्रम तय गर्ने नीति सभापोखरी गाउँपालिकाले लिनेछ ।

७६. गरिबहरुको सङ्ख्या यकिन गर्न सभापोखरी गाउँपालिकाले सञ्चालन गर्ने गरिब घरपरिवारको पहिचान कार्यको थालनी गर्नेछ । स्थानीय मानक समेत रहने गरी गरिबी परिचय पत्रको व्यवस्था गरिनेछ । सो परिचयपत्र धारकहरुलाई कार्यविधि तय गरी क्षमता अभिवृद्धि, पूँजीगत अनुदान तथा रोजगारी दिइनेछ । अनुदान, सेवा सुविधा वा सहुलियतलाई कामसँग आवद्ध गरिनेछ ।

**राजस्व**

७७. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावार, घरेलु उत्पादित वस्तु तथा सामाग्री, अन्तर्राष्ट्रिय आयात निर्यातका वस्तुहरु, ढुङ्गा, गिटी, बालुवाको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।

७८. सभापोखरी गाउँपालिका क्षेत्रका सबै व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गराई करको दायरामा ल्याइनेछ ।

७९. कर योग्य क्षेत्रहरूको पहिचान गरि करको दायरालाई फराकिलो बनाईनेछ ।

८०. करको दरमा समायनुकुल परिमार्जन गरिनेछ ।

८१. आम जनता र सरोकारवालाहरुमा कर तथा राजस्व सम्बन्धमा असल शासनको महत्वबारे जानकारि र जनचेतानाका लागि सुचना प्रदान गर्ने, कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ ।

८२. एकीकृत सम्पत्ति करलाई स्वावलम्ब र आत्मनिर्भर सभापोखरी गाउँपालिकाको आधारको रुपमा विकास गरिनेछ ।

८३. एकिकृत सम्पतिको दायरा फराकिलो वनाईनेछ ।

**गुनासो सुनुवाई**

८४. कार्यालयमा प्राप्त लिखित तथा मौखित उजुरी तथा गुनासाहरूलाई तत्काल सम्बोधन गरिनेछ ।

८५. गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा रहेको उजुरीपेटिकालाई द्वैमासिक रुपमा खोली प्राप्त उजुरी तथा गुनासोहरुलाई आवश्यक सम्बोधन गरिनेछ ।

**न्याय तथा कानूनी मामिला**

**न्याय**

८६. आधारभूत न्यायमा नागरिकको पहुँच अभिवृद्धि गर्न न्यायिक पहुँच सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८७. मेलमिलापको माध्यमबाट स्थानीय विवादमा विषयहरु निरुपण गर्ने प्रक्रियालाई बढावा दिइनेछ ।

८८. न्यायिक इजलासलाई व्यवस्थित गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ ।

८९. सभापोखरी न्यायिक समितिको कार्यालयलाई थप व्यवस्थि बनाउदै लगिनेछ ।

**कानून**

९०. सभापोखरी गाउँपालिकाबाट पारित तथा अनुमोदन भएका ऐन, नियमावली, कार्यविधि लगायतका कानूनहरुलाई स्थानीय राजपत्र तथा वेबसाईटमा प्रकाशन गरी नियमित रुपमा सार्वजनिकीकरण गरिनेछ ।

९१. सभापोखरी गाउँपालिकाबाट पारित तथा अनुमोदन भएका ऐन, नियमावली, कार्यविधि लगायतका कानूनहरुलाई कार्यन्वयन गर्ने गराउने गराईनेछ ।

### मानव अधिकार

९२. मानव अधिकारको संरक्षण, बाल अधिकारको संरक्षण, घरेलु हिंसाको लगायतका कार्यहरूलाई विशेष जोड दिईनेछ ।

९३. मानव अधिकारको संरक्षण, बाल अधिकारको संरक्षण, घरेलु हिंसाको अन्त्य गर्न सामाजिक तथा आर्थिक विकास शाखा तथा कानुनी मामिला इकाइ मार्फत विशेष कार्यक्रम तय गरिनेछ ।

## पूर्वाधार विकास

### सडक तथा यातायात र भवन

९४. सभापोखरी गा.पा. देखी जिल्ला सदरमुकाम खादबारी जोड्ने बाह्रबिसे-डके-खाँदबारी सडक खण्डलाई सभापोखरी गौरवका सडक सञ्जालको रुपमा विकास गरि बाह्रै महिना यातायातका साधनहरू सहजरूपमा आवत जावतको व्यवस्था गर्न सडकको स्तरोन्नतिलाई निरन्तरता दिइनेछ ।

९५. सभापोखरी गाउँपालिकामा निर्माणधिन ५ शैयाको अस्पताल निर्माण कार्यलाई तिब्रता दिईनेछ ।

९६. सडक तथा यातायातको सञ्चालन लागत तथा दुरी कम गर्न तथा सडक सुरक्षा सुनिश्चित गर्न आवश्यकता अनुसार सडकको रेखाङ्कन गर्न सभापोखरी समृद्धिको गुरुयोजना निर्माण गरिनेछ ।

९७. सडकको क्षेत्राधिकार मिचिने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ । सडकको क्षेत्र (right of way) नियमानुसार अनिवार्य छोड्न छोडाउन पहल गरिनेछ ।

९८. सडकलाई निरन्तर सञ्चालन गर्नका लागि पक्की पुल, पानीका ढल तथा नाली व्यवस्थापन गरिनेछ साथै प्रत्येक वडाहरुमा क्रमिक रुपमा मोटरबाटोलाई स्तरोन्नति गरिनेछ ।

९९. सभापोखरी गाउँपालिकाको सबै वडाहरु तथा टोलहरुलाई समेट्ने गरी सडक विस्तार भईरहेको मोटरबाटोलाई रणनीतिक महत्वको मोटरबाटोको स्तरोन्नति गरी बाह्र महिना चल्ने बनाइनेछ ।गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि प्रधानमन्त्रि रोजगार कार्यक्रम लगायतका कार्यक्रमहरूलाई पूर्ण कार्यन्वयन गरिनेछ ।

१००. सडक पहुँच नपुगेका क्षेत्रहरुमा नयाँ ट्र्याक खोली सडक विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०१. मुख्य सडक सञ्जालबाट टाढा भएका वस्ती तथा प्राकृतिक सम्पदाहरु मूल्याङ्कन गरी पक्की पुल व्यवस्थापन गर्न काठेपुलहरुलाई विस्थापित गरिनेछ ।

१०२. सभापोखरी गाउँपालिकामा रहेका ग्रामीण सडक सञ्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति अवलम्बन गरिनेछ ।

१०३. बाह्रबिसे-डके-खाँदबारी सदरमुकाम जोड्ने सडक स्तरोन्नतिका लागि प्रदेश सरकार, संघीय सरकार संग समन्वय गरि सडकखण्ड ग्राभेल, कालोपत्रे तथा स्तरोन्नति गर्ने नीति लिइनेछ ।

१०४. सभापोखरी गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवनको निर्माण कार्यलाई तिब्रताका साथ निर्माण कार्य अगाडि बढाईनेछ ।

१०५. सभापोखरी गाउँपालिकाको केन्द्रमा निर्माणाधिन सभाहलको निर्माण कार्यलाई सम्पन्न गरिनेछ ।

१०६. सभापोखरी गाउँपालिकाको वडा नं. ६ को वडा कार्यालय भवन निर्माण कार्य तथा आवश्यक सामुदायिक भवन निर्माण, मर्मत र व्यवस्थापनको अवस्थालाई हेरी बजेट व्यवस्थापनलाई निरन्नतरता दिईनेछ।

१०७. गाउँपालिकाका महत्वका आयोजनाहरू सडक, पुल, भवन, सिंचाई, खानेपानी, पर्यटन र अन्य विकासका आयोजनाहरूको सम्भाव्यता अध्ययन, वातावरण प्रभाव मूल्याङ्कन र डि.पी.आर तयार गरि प्रदेश सरकार, केन्द्र सरकारमा आयोजना माग पेश गरिनेछ।

१०८. गाउँपालिका स्तरिय ठुला आयोजनाहरू पालिका आफैले प्रदेश र केन्द्र सरकार संग समन्वय गरी सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

## जलविद्युत

१०९. नदीनाला र खोलाको स्रोत र सही ठाउँ पहिचान गरी बृहत् जलविद्युत आयोजना छनौट गरी केन्द्रीय प्रसारण लाईनसँग ग्रिड जडान गरी गाउँपालिकाको सबै वडा तथा टोलहरुमा पुऱ्याउन पहल गरिनेछ।

११०. ठूला जलविद्युत आयोजना कार्यान्वयनमा आउनु अगाडि साना जलविद्युत आयोजनालाई पनि सुदृढ गरी विद्युत प्रत्येक वस्तीमा सूचारु गरिनेछ।

१११. साविकमा निर्माण सुरूभई अधुरो रहेकाजलविद्युत आयोजनाहरुलाईआवश्यकता तथा दीगोपनाको आधारमा पूर्णता प्रदान गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

११२. सभाखोला लघु जल विद्युत, चिण्डेखोला लघु जल विद्युत लाई मर्मत स्तरोन्नति गरिनेछ।

## सूचना तथा सञ्चार प्रविधि

११३. डिजिटल सभापोखरी गाउँपालिकाको अभियानलाई साकार पुऱ्याउन प्रत्येक वडाहरुमा इन्टरनेट सेवा स्तरोन्नति गरिनेछ।

११४. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सेवाहरु, पहुँच एवम् विस्तार सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।

११५. विकास एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौति सामना गर्न सूचना तथा प्रविधिमा आधारित नवीनतम तथा मौलिक प्रयोग (Innovative Use) प्रवर्द्धन गर्न विशेष कार्यक्रम लागु गरिनेछ।

११६. शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।

११७. निजी क्षेत्र समेतको सहभागितामा Group SMS, IPT Software, मोबाइल एप, दर्ता चलानी सम्बन्धी सफ्टवेयरहरुको निर्माण गरी कार्यालयमा सञ्चालनमा ल्याई भर्चुअल (Virtual) सभापोखरी गाउँपालिका बनाईनेछ।

११८. कार्यालय कामकाजमा प्रयोग गरिदैं आएका ASCII फन्टहरु (जस्तैः कान्तिपुर, प्रिति, प्रतिमा ईत्यादी) लाई पूर्ण रुपमा विस्थापित गरी नेपाली युनिकोड अनिवार्य रुपमा लागु गरिनेछ। हस्तलिखित दस्ताबेजहरुको स्थानमा कम्प्युटराइज्ड कागजातहरुको मात्र प्रयोग गरिनेछ।

११९. गाउँपालिकामा विभिन्न सभा तथा सेमिनारहरुमा प्रोजक्टरलाई विस्थापित गरी इन्टरएक्टिभ ह्वाइटबोर्ड (Interactive Whiteboard) को प्रयोगलाई विस्तार गरिनेछ।

१२०. डिजिटल नोटिस बोर्ड, LED नोटिसबोर्डको प्रयोग गरी गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ।

१२१. Biometric Attendance System ले Manual Attendance System लाई विस्थापित गरी प्रशासनिक चुस्ततालाई कायम गरिनेछ।

१२२. कार्यालयको गतिविधिहरुलाई निरन्तर सूचना प्रवाह गर्न सामाजिक सञ्जालहरु फेसबुक, ट्विटर, युट्युबमा आधिकारिक एकाउण्ट खोली प्रयोगमा ल्याइनेछ।

१२३. Paperless Office को अवधारणालाई लागु गर्न गाउँपालिकामा हुने तथा गरिने सम्पूर्ण क्रियाकलापहरुको सफ्ट कपि सूचना तथा अभिलेख केन्द्रमा डिजिटल भण्डारण गरिने व्यवस्था मिलाइनेछ।

**एफ. एम.**

१२४. एफ.एम. रेडियो सञ्चालन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि स्वीकृत गरी स्थानीय स्तरमा १०० वाटसम्मको रेडियोको अनुमति, दर्ता, नवीकरण, सञ्चालन र नियमन गरिनेछ।

**खानेपानी व्यवस्थापन**

१२५. गाउँपालिका भरी स्वच्छ, सफा खानेपानीको व्यवस्था गर्न एक घर, एक धारा खानेपानी उपलब्धताको लागि विकासका साझेदारहरुको सहयोग र समन्वयमा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२६. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकता राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ।

१२७. गाउँपालिकाबाट सञ्चालित खानेपानी आयोजनाहरुको अपनत्व बोध गराउन उपभोक्ताहरुको लागत सहभागिता सुनिश्चित गरिनुका साथै मर्मत सम्भार समितिलाई क्रियाशिल गराइनेछ।

**सार्वजनिक सहकारी निजी साझेदारी**

१२८. सभापोखरी गाउँपालिकाले आ.व. २०७८/०७९ मा विभिन्न विषयक्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ। यसका लागि सभापोखरी गाउँपालिकाले एक समपूरक कोष खडा गर्नेछ।

**भवन तथा भवन संहिता**

१२९. सभापोखरी गाउँपालिकामा नयाँ निर्माण हुने भवनहरु भवन आचार संहिता मापदण्ड पुरा गरी गाउँपालिकाबाट अनुमति लिएर निर्माण गर्नु पर्नेछ। अन्यथा सभापोखरी गाउँपालिकाबाट उपलब्ध गराइनेभवन पूर्वाधार सम्बन्धी सेवा सुविधाबाट बञ्चित गराइनेछ।

१३०. सभापोखरी गाउँपालिकामा स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागिभवन निर्माण मापदण्ड लागु गरिनेछ।

१३१. विकसित मुलुकमा अपनाइएको भवन संहिता समेतको अनुसरण गरी इन्टरनेशनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक भवनहरुको निर्माण संहिताको नीतिगत आधार तय गरिनेछ।

१३२. नयाँ भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी र काठको मात्रा कम हुने गरी लागत अनुमान (Design estimate) तयार गरिनेछ।

१३३. भू-कम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ।

१३४. गाउँपालिका क्षेत्रमा अनधिकृत रुपमा गरिने प्लटिङ (Plotting) लाई पूर्ण रुपमा निरुत्साहन गरिनेछ।

१३५. सहकारी तथा सामुदायिक भवनहरु निर्माणको प्रस्तावनाहरु उपर जनसाङ्ख्यिक अनुपात, आवश्यकता, प्रतिफल र औचित्य समेतलाई मध्यनजर गरी सभापोखरी गाउँपालिकाले पूँजीगत अनुदान उपलब्ध गराउन सक्नेछ।

**निर्माण इजाजत**

१३६. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधिलाई आवश्यक सशोधन गरी निर्माण व्यवसायीको पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनियता तथा भेदभावरहित प्रतिस्पर्धाको विकास गरिनेछ।

**जग्गा नापी तथा नक्शा**

१३७. गाउँपालिकामा बन्ने सार्वजनिक, संस्थागत तथा नीजी भवन संरचनाको नक्शा पास गर्नुपर्ने प्रावधानलाई तुरुन्त लागु गरिनेछ।

१३८. साविकदेखि जग्गा भोगचलन गर्दै फिल्ड बुक उतार गरिसकेका तर जग्गा दर्ता गर्न बाँकी रहेकाहरुको लगत संकलन गरी जग्गा दर्ता प्रक्रियालाई सहजीकरण गरिनेछ।

१३९. सार्वजनिक तथा ऐलानी जग्गा, घर लगायतका सम्पत्तिहरुको अद्यावधिक अभिलेख राखी उपयोगको व्यवस्था मिलाइनेछ।

**भू-उपयोग**

१४०. जमिनको स्वरुप, प्रकृति तथा जलवायुको आधारमा वर्गीकरण गरी भू-उपयोगको वैज्ञानिक नीति अवलम्बन गरिनेछ।

१४१. सभापोखरी गाउँपालिकाको समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनि उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंङगा, बालुवा गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ।

१४२. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गर्दै कृषि योग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ।

१४३. स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित वस्ती विकास र योजनावद्ध एवं दीगो शहरीकरण सुनिश्चित गरिनेछ।

१४४. वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ।

**वस्ती विकास**

१४५. एकीकृत वस्ती विकासको अवधारणालाई वस्ती विकास कार्यक्रम तय गरी लागु गर्न दीर्घकालीन रणनीति बनाइनेछ।

१४६. सुरक्षित वस्ती स्थानका आधार तथा मापदण्डहरु निर्धारण गरी वस्ती विकासलाई व्यवस्थित गरिनेछ।

१४७. प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापनमा सामुदायिक क्षमता विकास तथा जोखिमयुक्त वस्तीको पहिचान गरी वस्ती स्थानान्तरण गर्न आवश्यक कदम चालिनेछ।

१४८. स्वच्छ, सुन्दर, सुबिधा सम्पन्न तथा सुरक्षित वस्ती विकास र योजनावद्ध एवं दीगो शहरीकरण सुनिश्चित गरिनेछ।

१४९. सभापोखरी गाउँपालिकामा शवदाहस्थललाई व्यवस्थित गर्दै लगिनेछ। शवदाहस्थलबाट हुने वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न आधुनिक प्रविधि क्रेमोटोरियम (Crematorium) को प्रयोग क्रमिक रुपमा गरिनेछ।

## योजना तथा अनुगमन

## उपभोक्ता समिति परिचालन

१५०. जनता तथा उपभोक्ता हरूलाई उच्चतम सहभागिता गराउनको लागी उपभोक्ता समितिबाट योजनाहरूसञ्चालन गरिनेछ।

१५१. समितिमा कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएको, वा सो प्रकृतिको अभियोगको मुद्दा न्यायिक एवम् अर्धन्यायिक निकायहरुमा विचाराधीन रहेको, पेश्की फछर्यौट नगरेको, भ्रष्ट्राचार गरेको, बहुविवाह गरेको व्यक्ति रहन पाउने छैन। र प्रत्येक सदस्यले आयोजना सम्झौताका क्रममा आफ्नो नागरिकताको प्रतिलिपि साथ उपर्युक्त व्यहोरामा कसुरदार नठहरिएको स्व-घोषणा पत्र समावेश गर्नुपर्नेछ।

१५२. सार्वजनिक लाभको पद धारण गरेको कुनै पनि व्यक्ति (पदाधिकारी, कर्मचारी, शिक्षक, संघसंस्थाका व्यक्ति) समितिमा बस्न पाउने छैन।

१५३. समितिका मुख्य पदाधिकारीहरुले आयोजना सम्झौता गर्दा २/२ प्रति फोटो अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

१५४. समितिले आम भेलामा निर्णय अभिलेख तोकिएको ढाँचामा कम्तिमा १ जना पदाधिकारी र १ जना कर्मचारी समेतलाई रोहवरमा राखी समिति गठन गर्नुपर्नेछ।

१५५. उपभोक्ता समितिबाट योजना सञ्चालन गर्दा १०% लागत सहभागितालाई लागु गराउने नीति लिईनेछ।

१५६. समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्नेछ। तर मर्मत सम्भार समितिलाई बुझाएको सामानको विवरणको एक प्रति गाउँ कार्यपालिकाको कार्यालयमा जानकारीको लागि बुझाउनुपर्नेछ।

१५७. गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति तथा वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट निरन्तर आयोजना अनुगमन हुनेछ। यसप्रकार उपर्युक्त समितिहरुले राय सहितको प्रतिवेदन तयार गर्नेछ।

१५८. एक समितिमा एकाघरका एक जना मात्र सदस्य समितिमा बस्न पाउने छ।

१५९. उपभोक्ता समितिबाट आयोजना सञ्चालन गर्दा गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको शुल्क प्राप्त गरी सम्बन्धित उपभोक्ता समितिलाई योजनासम्बद्ध कागजातहरु सहितको फाराम उपलब्ध गराउनेछ।

१६०. उपभोक्ता समितिलाई योजना सम्झौता भएपश्चात कार्यादेश प्रदान गर्नुअघि गाउँ कार्यपालिकाको कार्यालयबाट अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

## अनुगमन

१६१. सभापोखरी गाउँपालिकाबाट सञ्चालन गरिने विभिन्न योजनाहरुलाई वडा स्तरीय तथा गाउँपालिका स्तरीय षअनुगमन समितिबाट गरिनेछ।

१६२. अनुगमन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालयको भूमिकालाई सबल, सक्षम तथा प्रभावकारी बनाइनेछ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन

१६३. उपलब्ध बन क्षेत्रबाट सभापोखरी गाउँपालिकाको कुल ग्रार्हस्थ उत्पादनमा सार्थक योगदान हुने सक्ने यथार्थलाई स्वीकार गर्दै वन क्षेत्रबाट रोजगारी सृजना गर्ने गरी एक बन एक उपभोक्ता समुहको स्थापना गरिनेछ।

१६४. सभापोखरी गाउँपालिकामा रहेका तालतलैया क्षेत्रलाई संरक्षण र संबर्द्धन कार्यक्रम संचालन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गरिनेछ।

१६५. सभापोखरी गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ। वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम अन्तर्गत वनजन्य पदार्थ उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ।

१६६. सभापोखरी गाँउपालिका भित्र जडिबुटी लगायतका वन पैदावरमा आधारित उद्योग स्थापना गरिनेछ। यस्ता उद्योगमा सरकारी, निजी, सहकारी र समुदायिक साझेदारी रहनेछ।

१६७. विकासात्मक गतिविधिहरु सञ्चालन गर्दा सडक क्षेत्रहरुमा वृक्षरोपण अभियानलाई लागु गरिनेछ।

१६८. वन व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही, उत्तरदायी र समावेशी बनाई सक्षम बनाइनेछ।

१६९. दीगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावरको उत्पादन वृद्धि गरिनेछ।

१७०. जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गरिनेछ।

१७१. नीजी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गरिनेछ।

१७२. वन क्षेत्रमा सुशासन, समावेशीकरण र सामाजिक न्याय प्रवर्द्धनको लागि व्यवस्थापनलाई थप सक्षम बनाइनेछ।

१७३. धरातल अनुरुप उन्नत जातको बोटबिरुवाको वृक्षरोपणलाई प्रोत्साहन गरिनेछ।

### वन्यजन्तु

१७४. सभापोखरी गाउँपालिकाको सम्पूर्ण क्षेत्रको सम्भाव्यता अध्ययन गरी वन्यजन्तु आरक्षण क्षेत्र विकासको नीति अवलम्बन गरिनेछ।

१७५. वन्यजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरण मार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन वन क्षेत्रको दीगो विकास तथा संरक्षणमा नीजी क्षेत्रलाई आकर्षित गरिनेछ।

१७६. वन्यजन्तु शिकारका गतिविधिहरुलाई कडा निगरानी राखी कानूनी कारबाहीको दायरामा ल्याइनेछ।

### भू- संरक्षण

१७७. सभापोखरी गाउँपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरुलाई नियन्त्रण र संरक्षण गरिनेछ।

१७८. जैविक विविधता र जैविक स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ।

१७९. जल तथा भूमिको संरक्षण साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन, सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकीकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ।

**वातावरण**

१८०. सभापोखरी गाउँपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर पाँच विरुवा रोप्ने कार्यक्रमलाई अनिवार्य गरिनेछ। सबैभन्दा बढी विरुवा रोप्ने र हुर्काउने घरपरिवारलाई विशेष सम्मान र पुरस्कारको प्रदान गरिनेछ।

१८१. वातावरण अनुकुलका वन पैदावारहरुको विस्तार, विविधिकरण गरिनेछ। वातावरण संरक्षण र व्यवस्थापन गरिनेछ।

१८२. दीगो वन व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावर उत्पादनको वृद्धि गरिनेछ ।

१८३. वातावरण संरक्षण गर्न वृक्षरोपण कार्यक्रम सञ्चालन गर्दा रूद्राक्ष, तितेचाप, पाखासाँच, रानी चाप,लामपाते, साल, बेत, लालिगुराँस, चिमल, लौठसल्ला, धुपी, पाउलेनिया, अशोक, उत्तीस, ओखरलाई मुख्य प्राथमिकता दिइनेछ।

**पर्यावरण**

१८४. पर्यावरण संरक्षणलाई सामाजिक उत्तरदायित्वको कामको सूचीमा प्राथमिकता दिइनेछ। कार्यालय कामकाजमा कार्यालयीय गतिविधिहरु सञ्चालन गर्दा Save the Office Paper Stop को अवधारणालाई कार्यान्वयन गरि पर्यावरण अभियान सञ्चालन गरिनेछ।

१८५. प्लाष्टिक झोलाको सट्टामा कागजी झोला, जुटको झोलालाई प्रोत्साहन गरिनेछ।

१८६. जलवायु परिवर्तनमा पारिस्थितिकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ।

**जलाधार संरक्षण**

१८७. स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ।

१८८. एक टोल एक पोखरीको अवधारणालाई क्रमिक रुपमा लागु गरिदै लगिनेछ।

**फोहोरमैला व्यवस्थापन**

१८९. फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र(Transfer Station), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायोग्याँस प्लाण्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

१९०. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको पृथकीकरण गर्ने, फोहोरमैला निष्काशन, फोहोरमैला संकलन, फोहोरमैला ढुवानी, फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग, पुनः चक्रण गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

**विपद् व्यवस्थापन**

१९१. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१९२. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, नीजी क्षेत्रसँगको सहयोग, समन्वय र सहकार्य गरिनेछ।

१९३. प्रकोप व्यवस्थापन कोषका स्थापना तथा सञ्चालन र स्रोतको साधनको परिचालन गरिनेछ।

१९४. विपद् न्यूनीकरण सम्बन्धी पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ।

१९५. विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण वितरण र समन्वय गरिनेछ।

१९६. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरुको परिचालन र स्थानान्तरण गरिनेछ।

## वित्तीय व्यवस्थापन सुशासन

१९७. सार्वजनिक पद धारण गरेका व्यक्तिले मर्यादित, मितव्ययी एवम् उदाहरणीय रुपमा प्रस्तुत भई अनुकरणीय कार्यशैलीमा प्रस्तुत हुनुपर्नेछ।

१९८. सरकारी सवारी साधन सरकारी काममा अधिकृत व्यक्ति (authorized personnel) बाट मात्र प्रयोग गरिनेछ।

### लेखांकन

१९९. महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुरुप आम्दानी तथा खर्चको लेखाङ्कन कायम गरिनेछ।

२००. गाउँपालिकामा हुने सबै प्रकारका आर्थिक कारोबारलाई बैंकिङ प्रणालीमा आवद्ध गरी शून्य नगद कारोबारलाई लागु गरिनेछ।

२०१. प्रदेश तथा स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली [Sub-National Treasury Regulatory Application (SuTRA)]मा गाउँपालिकाको वित्तीय गतिविधिहरुलाई लेखांकन गरिनेछ।

२०२. Electronic Fund Transfer (EFT) लाई आ.व. २०७८।०७९ बाट अनिवार्य लागु गरिनेछ।

### वित्तीय अनुशासन

२०३. संघीय वित्त संरचनालाई  सुदृढ र सबल बनाउने राष्ट्रिय नीतिलाई टेवा पुऱ्याउन समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीय राजस्व नीति अवलम्वन गरिनेछ।

२०४. करको दर बढाउनु भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई करको दायरालाई थप फराकिलो बनाउँदै लगिनेछ।

२०५. आयआर्जन र व्यवसाय गर्ने चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, विभिन्न शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिहरु लगायत सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई करदातालाई करको दायरामा ल्याइनेछ।

२०६. करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ। यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नीजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ।

२०७. करको बारेमा जानकारी दिन स्थानीय पाठक्रममा नेपालको कर प्रणाली सम्बन्धी बिषय समावेश गर्न आवश्यक समन्वय गरिनेछ।

## वित्तीय जोखिम न्यूनीकरण

२०८. आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा स्रोतको सुनिश्चितता कायम गरेर मात्र गरिनेछ।

२०९. गाउँपालिका मातहतका कार्यालयहरु सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने व्यवस्था गरिनेछ।

**सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण**

२१०. स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो संवाद स्थापित गर्न र त्यस्तो संवादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाईको कार्यलाई व्यवस्थित गरिनेछ।

२११. सार्वजनिक सुनुवाईका लागि सहजकर्ताको प्रबन्ध र बजेट व्यवस्था गरिनेछ।

**आन्तरिक लेखा परीक्षण तथा आन्तरीक नियन्त्रण प्रणाली**

२१२. आन्तरिक लेखा परीक्षणको माध्यमबाट सभापोखरी गाउँपालिकाको आर्थिक प्रशासन सम्बन्धी कानूनी व्यवस्था एवम् कार्यविधिहरु पालना गरी गराई वित्तीय अनुशासन कायम गरिनेछ।

२१३. आन्तरिक लेखापरीक्षण इकाईलाई अविलम्ब गठन गरी सभापोखरी गाउँपालिकाबाट निर्दिष्ट उद्देश्य हासिल गर्न गरिएको लगानी नियमित, मितव्ययी र प्रभावकारी बनाउने कार्यको थालनी गरिनेछ।

२१४. सभापोखरी गाउँपालिकाबाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरुप भए वा नभएको परीक्षण गरी वित्तीय पारदर्शीता र जवाफदेहिता कायम गरिनेछ।

२१५. आन्तरिक लेखापरीक्षण सम्बन्धी सुधारका विषयवस्तुहरुलाई प्रभावकारी पार्न नीतिगत पृष्ठपोषण प्राप्त गर्ने संयन्त्रको विकास गरिनेछ।

२१६. महालेखा परीक्षकबाट हुने अन्तिम लेखा परीक्षणलाई सहयोग पुर्‍याइनेछ।

**अन्तिम लेखा परीक्षण**

२१७. सभापोखरी गाउँपालिकाको विभिन्न शीर्षकमा विनियोजन भई एक आ.व. को समाप्त भइसकेपछि गरेका खर्चहरुको सम्पूर्ण फाँटबारीहरुलाई महालेखा परीक्षकको कार्यालयको स्थलगत डोर समक्ष आर्थिक ऐन, नियम, कार्यविधि एवम् औचित्य समेतको आधारमा अन्तिम लेखा परीक्षण गरिनेछ।

२१८. अन्तिम लेखापरीक्षणका क्रममा औल्याइएका त्रुटी, कमजोरीहरु सम्बन्धित कार्यालयसँग सम्पर्क गरी तत्काल प्रमाण मगाई बेरुजु फछर्यौट गरिनेछ।

**बेरुजु फछयौट**

२१९. अन्तिम लेखापरीक्षणबाट औल्याइएका बेरुजुहरुको अद्यावधिक लगत कायम गरिनेछ।

२२०. भएको बेरुजु फछर्यौटको लागि मातहतका कार्यालयहरु, समितिहरु तथा व्यक्तिहरुलाई ताकेता गरी प्रमाणहरु समपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा लेखापढी गराइनेछ।

२२१. महालेखा परीक्षकको विभागबाट बेरुजुको लगत कट्टा भई आएपश्चात सम्बन्धित कार्यालयहरु, समितिहरु तथा व्यक्तिहरुलाई बेरुजु लगत कट्टाको जानकारी गराइनेछ।

२२२. सभापोखरी गाउँपालिकामा आर्थिक सुशासन कायम राख्न बेरुजु फछ्र्यौट समिति गठन गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षणका क्रममा देखिएका बेरुजुहरुलाई फछ्र्यौट गर्ने अभियान सञ्चालन गरिनेछ।

**सूचना तथा सञ्चार व्यवस्थापन**

२२३. गाउँपालिकामा अन्तर सञ्चारलाई प्रभावकारी तुल्याउन इन्टरकम प्रविधिको प्रयोग र विस्तार गरिनेछ।

२२४. सञ्चारको माध्यमलाई व्यवस्थापन गर्न, सूचना प्रवाह गर्न यस गाउँपालिकाको वेबसाइटलाईचुस्त दुरुस्त बनाईनेछ।

२२५. विकास निर्माणका सम्पूर्ण गतिबिधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ।

२२६. टेलिभिजन, टेलिफोन तथा ईन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिबृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम, एनसेल र नेपाल टेलिभिजन लगायतका कम्पनीहरुमा बिषेश पहल गरिनेछ।

२२७. अभिलेख ब्यवस्थापनमा नवीनतम सूचना प्रबिधिको प्रयोग गरिनेछ।

**संस्थागत विकास तथा सेवा प्रवाह र शुसासन**

**मानव संशाधन विकास**

२२८. सभापोखरी गाउँपालिकामा रहेको जनशक्तिको पहिचान गरी गैरसरकारी संस्थाहरुले कुनै पनि कार्यक्रमको लागि जनशक्ति छनौट गर्दा समावेशीताको सिद्दान्त, सहायता मिलान (Aid Harmonization) को सिद्दान्त अवलम्बन गर्ने नीति लिइनेछ।

२२९. गाउँपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहीको उचित मूल्याङ्कन गरी पुरस्कार र दण्ड(reward and punishment) को व्यवस्था गरिनेछ।

२३०. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली (career development system) लाई व्यवस्थित गरिनेछ।

२३१. संघीय तथा प्रादेशिक सरकारको अनुदानमा प्राप्त हुने योजना, परियोजना तथा जिल्ला समन्वय समितिबाट समायोजन भई आउने विभिन्न दरबन्दीका कर्मचारीहरुको यथोचित परिचालन गर्ने नीति अवलम्बन गर्नुका साथै उक्त पदहरुको कार्यबोझ, कार्यपद्दति र कर्मचारीको आवश्कता लगायतका विषयहरुको अध्ययन गरी दरबन्दी हेरफेर तथा कटौति गर्दै जाने र स्वर्णिम विदाई (golden handshake) गर्ने सहितको मानव संशाधन व्यवस्थापन (human resource management)नीतिलाई अवलम्बन गरिनेछ।

२३२. सभापोखरी गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका विनियम, निर्देशिका तथा कार्यविधिहरु तय गरिनेछ।

**संस्थागत क्षमता विकास**

२३३. सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरिनेछ।

२३४. गाउँपालिका स्तरमा एकिकृत सेवा केन्द्र (Integrated Service Center) को अवधारणालाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरी उचित कार्यक्रम तय गरिनेछ।

## संस्थागत पूर्वाधार

२३५. गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली(tax system)लाई फराकिलो तथा प्रभावकारी बनाइनेछ।

२३६. विद्युतीय शासन प्रणाली(e-governancesystem) मार्फत सभापोखरी गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ।

२३७. क्षमता विकास योजना(capacity development plan) तय गरी गाउँपालिकाको आवश्यकता र चाहना अनुरुप अवलम्वन गरिनेछ।

२३८. सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार सूचना केन्द्र स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ।

## नागरिक बडापत्र तथा टोकन प्रणालि

२३९. डिजिटल नागरिक बडापत्रको निर्माण गरी बडापत्रमा सार्वजनिक निकायबाट प्रवाह गरिने सबै सेवाहरुको लागत, समय, प्रक्रिया, सम्बन्धित अधिकारी र गुनासो सुनुवाई गर्ने प्रक्रियालाई निरन्तर अद्यावधिक गरिनेछ।

२४०. गाउँपालिकाको कार्यालयबाट स्वीकृत कार्यक्रम, ऐन कानुन, निर्णय लगायतका सुचनाहरू वेवसाईटमा अपलोड गर्ने, बजेट तथा कार्यक्रमको खर्च सार्वजनिक गरिनेछ।

## सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग

२४१. विद्युतीय सूचना प्रविधि सार्वजनिक सेवा प्रवाहका विभिन्न क्षेत्रहरुमा प्रयोग गरी स्वचालित सेवा प्रवाह (Auto-piloting Service Delivery) बनाउन जोड दिइनेछ।

## सुशासन

२४२. गाउँपालिका भित्रका कार्यालयहरू सार्वजनिक सेवा प्रवाह गर्दा छिटो, छरितो, चुस्त, दुरूस्त ढँगले सेवा प्रवाह गरिनेछ।

## सामाजिक विकास समिति

## शिक्षा

२४३. शिक्षा क्षेत्रमा सरोकारवालाहरूलाइ सक्रिय सहभागिता अभिवृद्धि गर्दै जिम्मेवारी बनाई भौतिक पूर्वाधार र शैक्षिक व्यवस्थापनलाई क्रमश विद्यालयको चौतर्फि विकासमा जोड दिइनेछ।

२४४. विद्यालयमा शिक्षण सुधार योजनाका साथ विद्यार्थी केन्द्रित शिक्षण विधि र पर्याप्त शैक्षिक सामग्री प्रयोग गर्दै विद्यालय स्तरबाट आवधिक र निरन्तर विद्यार्थि मूल्यांकन गरि पृष्ठपोषणका साथ कक्षा लिने व्यवस्थालाई पूर्ण रूपमा लागु गरिनेछ।

२४५. शिक्षा क्षेत्रलाई समृद्धिको आधारको रुपमा ग्रहण गर्दै एक स्थानीय तह एक नमुना विद्यालयको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ।

२४६. विद्यालयहरुमा शिक्षकहरुको नियमितता तथा प्रभावकारी शिक्षण सिकाई क्रियाकलापको लागि विद्यार्थी चेक लिष्ट तथा इ-हाजिरी क्रमागत रुपमा विद्यालयहरुमा लागु गरिदै लगिनेछ।

२४७. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभाव तथा महत्वलाई आत्मसात गर्दै एक विद्यालय एक कम्प्युटर शिक्षकको कार्यक्रम लागु गरिदैं लगिनेछ।

२४८. विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्थापन,सुचना प्रविधिमैत्रि (ICT) शिक्षण सिकाई व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

२४९. विगतमा रहेको नीजी स्रोतको शिक्षकहरुको समस्यालाई निर्मुल पार्दै विद्यार्थी सङ्ख्याको प्रक्षेपण गरी शिक्षककोदरबन्दी पदपूर्तिलाई निरन्तरता गरिनेछ।

२५०. योग्य र बरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पिएर बिद्यालय प्रशासन तथा ब्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन प्रधानाध्यापक मिलान कार्यलाई यथाशक्य सुदृढीकरण गरिनेछ।

२५१. शिक्षाको अवधारणालाई कार्यमूलक बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न सम्वन्धित शैक्षिक सरोकारवालासँग संयुक्त योजनासहित सहकार्य र समन्वयको नीति लिईनेछ।

२५२. बिद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिले शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

२५३. बिद्यालयलाई प्रदान गरिने बिभिन्न अनुदान रकमहरुलाई लक्षित बर्गसम्म पुर्‍याउन आर्थिक पारदर्शिताको नीति अवलम्वन गरिनेछ र बिद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ।

२५४. सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा बिद्यालय बाहिर रहेका बिद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारीक शिक्षाको मुल प्रवाहमा समेट्न बिभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२५५. बस्ती बस्तीमा निरक्षर जनसंख्याको पहिचान गरी अनौपचारीक शिक्षा संचालन गरि पुर्ण रूपमा साक्षर बनाईनेछ ।

२५६. सभापोखरीगाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरी विभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सक्नेछ।

२५७. बिद्यार्थिहरूलाई चौतर्फि विकास गर्न शिक्षण सिकाईका अलवा विद्यार्थिहरूको अन्तर्निहित क्षमताको प्रस्फुटन र विकासका लागि गाउँपालिका स्तरीय खेलकूद् तथा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ।

२५८. बाल कक्षालाई बालमनोभावना अनुसार आकर्षक, मनोरञ्जनात्मक, सृजनात्मक, शिक्षामुलक तथा प्रविधिमैत्रि बनाई बालकेन्द्रित वातावरणमा पठन पाठन गर्ने वातावरणको सिर्जना गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

२५९. सबै बिद्यालय तथा बाल विकास केन्द्रलाई स्तरबृद्धि गरी शिक्षकहरुलाई क्षमता विकासको लागि सरोकारवालासँग आवश्यक पहल गरिनेछ।

२६०. शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त गराइनेछ । विद्यालयहरुलाई शान्ति क्षेत्र बनाइनेछ । विद्यालय शिक्षकको विषयगत गुणस्तर मापदण्ड तयार गरिनेछ। यसका आधारमा शिक्षकहरुलाई प्रोत्साहन र दण्डको

व्यवस्था गरिनेछ। समग्र शैक्षिक उपलब्धिका सूचकहरुको आधारमा सभापोखरी गाउँपालिकाभित्र एक उत्कृष्ट विद्यालयलाई पुरस्कार प्रदान गरिनेछ।

२६१. विद्यालयको शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई सुदृधीकरण गर्नका लागी विद्यालयका प्रध्यानध्यापक र शिक्षकहरूलाई कम्प्यूटर तथा (IEMIS) सम्बन्धी तालिमको व्यवस्था गरि विद्यालयको तथ्याङ्कलाई व्यवस्थित ढंगले अभिलेखांकन गरिनेछ।

२६२. सूचना प्रविधिमैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ। सबै विद्यालयहरुमा इन्टरनेट सेवा पुऱ्याइनेछ।

२६३. स्थानिय मातृभाषा, सस्कृति, लाई मध्यनजर गर्दै स्थानीय माग र आवश्यकताको आधारमा आधारभुत तहको पाठ्यक्रममा मातृभाषाको पाठ्यक्रम समावेश गर्ने नीति लगाईनेछ।

२६४. विद्यालयमा पठनपाठनमा अंग्रेजी माध्यममा कक्षा संञ्चालन गर्ने नीति लईनेछ आवश्यक क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरि उपलब्धिमूलक शिक्षण सिकाईलाई मजबुत बनाउदै लगिनेछ।

२६५. गाउँपालिकामा कम्तिमा एक प्राविधिक शिक्षालाय स्थापनाका लागि आवश्यक तयारि अघि बढाईनेछ।

२६६. विद्यालयमा विभिन्न प्रकोप तथा कोभिड-१९ जस्ता माहमारी सम्बन्धी जनचेतना फैलाई कठिन परिस्थितिमा भयरहित वातावरण सिर्जना गरि क्रियासिल सिकाईका लागि विद्यार्थिहरूलाई उत्प्रेरित बनाउन र प्रविधिको पहुँचका आधारमा पहिचान तथा वर्गिकरण गरि वैकल्पिक प्रणालिबाट विद्यार्थिको सिकाई सहजिकरणका लागि आवश्यक प्रवन्धहरू गरिनेछ।

२६७. बाल शिक्षिकाको सेवा सुविधामा समय सापेक्ष वृद्धि गरी कार्य समय समेत निर्धारण गरिनेछ।

२६८. सामुदायिक विद्यालयमा अध्ययनरत असहाय, गरिव तथा जेहेन्दार विद्यार्थि छनौट गरि पोषाक तथा स्टेशनरी खर्च उपलब्ध गरिनेछ।

२६९. शैक्षिक कार्यक्रमहरूमा एकरूपता कायम गर्नका लागि शैक्षिक क्यालेन्डर तथा शैक्षिक प्रोफायल निर्माण र गाउँ शिक्षा योजना निर्माण गरी त्यसका आधारमा भएका कार्यक्रमलाई अझ परिष्कृत, परिमार्जित र समय सापेक्ष बनाउँदै लगिनेछ।

२७०. सामुदायिक र संस्थागत विद्यालय बीचमा भएका अन्तरहरूलाई कम गर्दै सामुदायिक र संस्थागत विद्यालयमा भएका राम्रा अभ्यासहरूलाई एक आपसमा आदान-प्रदान गर्न सहकार्यको वातावरण सिर्जना गर्दै लगिनेछ।

२७१. विद्यालयका हरेक गतिविधिमा विधालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रध्यानध्यपक, शिक्षकलाइ अझ जिम्मेवार र जवाफदेहि बनाउदै लगिनेछ।

२७२. शिक्षा क्षेत्रलाई मर्यादित, अनुशासित एवं व्यवस्थित बनाउन  गाउँ शिक्षा समति, गाउँकार्यपालिकावाट आवश्यक नीति बनाई लागु गरिनेछ।

२७३.

**स्वास्थ्य**

२७४. विश्वव्यापी माहमारीको रूपमा फैलिएको कोराना भाईरस कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

२७५. जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा सेवा केन्द्रको व्यवस्थापन, आवश्यक पर्ने जनशक्ति ब्यवस्थापन र परिचालनका लागि आवश्यक नीती, योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ।

२७६. गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूबाट आधारभुत औषधि उपचारको व्यवस्था सर्वसुलभ ढंगले प्रदान गरिनेछ र औषधिको पर्याप्त उपलब्धता तथा वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२७७. गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक ब्यवस्थापन गर्न पहल गरिनेछ।

२७८. एम्बुलेन्स सेवालाई सर्वसुलभ र सबैको पहुँच योग्यबनाई सेवालाई विस्तार निरन्तरताका जनमैत्रिबनाइनेछ।

२७९. कुपोषित जोखिम बालबालिकाहरूको लागि विशेष कार्यक्रम बाल भिटा, आर. यू टि.एफ वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

२८०. सभापोखरीगाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ ।राष्ट्रिय बीमा बोर्डबाट स्वास्थ्य वीमा कार्यक्रम सुरु भइसकेपछिस्वास्थ्य बीमाबाट बीमित नहुनेलाई गाउँपालिकाबाट कुनैपनि सहायता प्रदान गरिनेछैन।

२८१. गाउँपालिकामा ५ शैयाको अस्पताल निर्माणको लागि आवश्यकीय पूर्वाधार तय गरिनेछ।

२८२. निशुल्क स्वास्थ्य सेवा प्रदान गरिरहेका स्वास्थ्य स्वयंम सेविकाहरूको परिचालनमा जोड दिइनेछ र निजहरूको प्रोत्साहन भत्तामा वृद्धि गरिनेछ।

२८३. पालिका स्थित माध्यमिक विद्यालयमा अध्यनरत छात्राहरूलाई स्यानिटरि प्याड उपलब्धतालाई निरन्तरता दिइनेछ।

२८४. सभापोखरी गाउँपालिकामा स्वास्थ्य प्रयोगशाला (LAB) सञ्चालनलाई निरन्तरता दिइनेछ।

२८५. गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य अवस्था सुधार गर्नका लागि २४ घन्टे प्रसुति सेवा सञ्चालन तथा व्यवस्थापन लागि क्षमता अभिवृद्धि गरि सेवा वर्थिङ सेन्टर थप गरिनेछ।

## खानेपानी तथा सरसफाई

२८६. एकीकृत जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी सभापोखरी गाउँपालिकाका जलाशय क्षेत्रहरुको विशेष संरक्षण गरिनेछ।

२८७. स्थानीय वातावरण अनुकूलनका वन पैदावरहरुको विस्तार, भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनाराको संरक्षण गरिनेछ।

२८८. सभापोखरी गाउँपालिकाका जनतालाई स्वच्छ, सफा, गुणस्तरीय र दीगो रुपमा व्यवस्थापन हुने खालको खानेपानी र उचित सरसफाइको व्यवस्था मिलाइनेछ।

२८९. सभापोखरी गाउँपालिकाभित्र एक घर एक धाराको व्यवस्था गरिनेछ। खानेपानीमा पहुँच नपुगेका क्षेत्रहरुमा पाँच वर्षभित्र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ। सुख्खाग्रस्त क्षेत्रमा लिफ्टिङ खानेपानी योजना अघि बढाइनेछ।

## संस्कृति तथा पर्यटन प्रवर्द्धन

२९०. सभापोखरी गाउँपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्नआवश्यक कार्यक्रम तर्जूमा गरिनेछ।

२९१. सभापोखरी गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ।

२९२. सभापोखरी गाउँपालिकामा साँस्कृतिक संग्रहालयको स्थापना गर्ने सम्भाव्यता अध्ययन गरी आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ।

२९३. सभापोखरी गाउँपालिकाका कला, साहित्य र संस्कृतिको जगेर्ना र विकास गर्न सभापोखरी गाउँपालिकाले प्रतिष्ठान स्थापना गर्न आवश्यक पहल गर्नेछ।

२९४. सभापोखरी गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिकधार्मिक तिर्थ स्थल, सास्कृतिक र पर्यटकिय क्षेत्रको अध्ययन, पहिचान गरि संरक्षण, प्रवर्द्धन र विकास गर्ने नीति लिईनेछ।

२९५. सभापोखरी गाउँपालिका भित्र रहेको ऐतिहासिक, धार्मिक, सास्कृतिक तथा पर्यटकिय क्षेत्रको धरोहरको रूपमा रहेको बाह्रबिसे -त्रिवेणीधाम धार्मिक पर्यटकिय क्षेत्र, सभापोखरी धार्मिक तिर्थस्थल तथा पर्यटकिय क्षेत्र, बन्दुके धार्मिक पर्यटकिय क्षेत्र स्थलहरूको संरक्षण एवं प्रवर्द्धन गर्न गुरूयोजना बमोजिम पूर्वाधार संरचनाहरूको निर्माणलाई उच्च प्राथमिकतामा राखि विकास गरिनेछ।

२९६. धार्मिक पर्यटकिय क्षेत्रको रूपमा रहेको गोरूजुरे हिमाल, रानीढुङ्गा, सिद्धेढुङ्गा देउरालि, चप्लेवा र खेवारीङ महादेवस्थल, लामा लमेनि गुफा, बौलहा थुम्का, सेल्फि झरना, देउराली भ्यू टावर, हरेलो डाडा, लालिगुरास संरक्षण लगायतका क्षेत्रहरूमा संरक्षण र प्रवर्द्धन गरिनेछ।

२९७. यस गाउँपालिका भित्र रहेका देउरालिहरू, पोखरीहरू, ऐतिहासिक गढिहरू, मठमन्दिर, घाट, चर्च, गुम्बा र जातिय सस्कृति झल्किने पार्क, स्थानिय संग्रहालय सम्पदाको संरक्षण र प्रवर्द्धन गरि विकास गरिनेछ।

२९८. सभापोखरी गाउँपालिका वडा नं. ६ देवल लाईन स्थित मच्छिन्द्रनाथ मन्दिरमा रथयात्रको थालनि गरिनेछ।

२९९. सभापोखरी क्षेत्र लगायतका क्षेत्रहरूमा पदमार्ग पर्यटन क्षेत्रको पहिचान गरि पर्यटन पदयात्रा विकास गरिनेछ।

३००. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिम र सहुलियत ऋण उपलब्ध गराइनेछ।

३०१. निर्माणलाई उच्च प्राथमिकता दिई नेपाल पर्यटन बोर्ड, होटल एसोसियसन नेपाल, नेपाल माउन्टेनरिङ एसोसियशन, ट्रेकिङ एजेन्सिज एसोसियशन अफ नेपाल, नेपाल एसोसियशन अफ टुर एण्ड ट्राभल एजेण्टस्सँग आवश्यक समन्वय गरिनेछ।

३०२. सभापोखरी गाउँपालिकामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुलाई जोड्ने यातायात र पदमार्गहरुलाई व्यवस्थित गरिनेछ।

३०३. प्राकृतिक प्रकोप र विपद्को समयमा मानवीय उद्धार गर्नका लागि प्रदेश सरकारसँग सहकार्य र समन्वय गरी सभापोखरी गाउँपालिकाभित्र उपयुक्त स्थानमा हेलिप्याड निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ।

३०४. सभापोखरी गाउँपालिकाको सामाजिक साँस्कृतिक विकासका लागि होम स्टेको अवधारणालाई सुरुवात गर्न आवश्यक कदम अगाडि बढाइनेछ।

३०५. विभिन्न मठ, मन्दिर, देविथान, गुम्वा, चर्च लगायतका धार्मिक, पर्यटकिय स्थलहरूको संरक्षण जेगर्ना र प्रवर्द्धन गरिनेछ।

३०६.

**लैंगिक समानता**

३०७. महिला विरुद्धका सबै किसिमका हिंसा र विभेदलाई प्रभावकारी ढंगबाट अन्त्य गर्नका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। सभापोखरी गाउँपालिकाभित्र सञ्चालन गरिने कार्यक्रमहरु महिलामैत्री बनाइनेछ।

३०८. सभापोखरी गाउँपालिका भित्र महिला सुरक्षित आवासको व्यवस्था गरिनेछ।

## सामाजिक समावेशीकरण

३०९. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चितताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ।

३१०. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ।

३११. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र बितरणर समयमै सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट बितरण गरिनेछ।

३१२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र बितरण अनलाइन मार्फत गरी सबै वडा कार्यालयलाई चौमासिक रुपमा अद्यावधिक गर्न लगाईनेछ।

३१३. सामाजिक सुरक्षा वितरण गर्दा आर्थिक पारर्दशितालाई अनिवार्य चुस्त दुरुस्त बनाइनेछ।

३१४. बिभिन्न लक्षित बर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

३१५. महिला तथा बालबालिकामाथि हुने बिभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ।बाल श्रम शोषण, बहु विवाह र बाल बिवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ।

३१६. महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकासका कामहरु गरिनेछ।

३१७. अपाङ्गता तथा फरक क्षमता भएका ब्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जूमा गरी कार्यान्यिवन गरिनेछ।

## सरकारी तथा गैर सरकारी संघ संस्था सम्वन्धी नीति:

३१८. यस गाउँपालिकाक्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर,लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँ कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघ संस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

३१९. सभापोखरीगाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ।

## खेलकूद तथा मनोरञ्जन

३२०. सभापोखरी गाउँपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास गर्नका वार्षिक रुपमासभापोखरीगेम्स (Sabhapokhari Games) को आयोजना गरिनेछ ।सभापोखरी गेम्स आयोजना गर्नका उद्यमी, व्यवसायी, संघसंस्थाहरु, आयोजक, सह-आयोजक, प्रायोजकहरुसँग समन्वय गरिनेछ ।

३२१. यूवाहरूलाई सकरात्मक सोच र सुनौलो भविष्यको भावना जागृत गराउन क्यारियर काउन्सिल गरिनेछ ।

३२२. गाउँपालिका भित्रका यूवाहरूलाई विभिन्न खेलकुदका आयोजनाहरू सञ्चालन गर्न, ट्रेनिङको व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ ।

३२३. समग्र खेलकुद क्षेत्रको विकास गर्न खेलकुद विकास समितिको गठन, सञ्चालन तथा कार्यन्यन गर्न आवश्यक कानुन निर्माण गरिनेछ ।

३२४. सभापोखरी गाउँपालिकामा एक कबर्ड हलको व्यवस्थापन गरिनेछ ।

३२५. खेलकूदको विकास गर्नका लागि एकेडेमी स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

## साहित्य

३२६. गाउँपालिकामा रहेका साहित्य, कला, संगित क्षेत्रमा योगदान पुर्याउने प्रतिभाहरूको संरक्षण, सम्वर्द्धन र विकासका लागी प्रोत्साहन गर्दै आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३२७. मनोरञ्जनको क्षेत्रहरुलाई व्यवस्थित गर्न कार्यविधि तय गरिनेछ ।

## विविध

३२८. बाह्रबिसे-डके-खाँदबारी सडकखण्डको स्तरोन्नतिका लागि प्रदेश सरकार र केन्द्र सरकारबाट प्राप्त समपुरक अनुदान, सशर्त अनुदानका बजेटको कार्यन्वयन समयमै गर्ने र प्रदेश सरकार र केन्द्र सरकार समक्ष थप बजेटको माग गरिनेछ ।

३२९. धुपु बृहत खानेपानी आयोजनालाई सम्पन्न गर्न थप बजेटको व्यवस्था गर्न प्रदेश सरकार र केन्द्र संग माग पेश निरन्तर गरिनेछ ।

३३०. बाह्रबिसे प्रहरी चौकिको भवन निर्माण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्न प्रदेश सरकार केन्द्र सरकारसंग माग पेश गरिनेछ ।

३३१. प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, स्थानिय सरकार यस सभापोखरी गाउँपालिका र करूणा फाण्डेशनको त्रीपक्षीय साझेदारीमा सञ्चालित अपाङ्ग रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन, कार्यन्वयन गर्न आवश्यक बजेट, जनशक्तिको व्यवस्थापन गरिनेछ ।

३३२. विद्युत विस्तारको पहुँच भन्दा बाहिर रहेका दुर्गम क्षेत्रका बालबालिकाहरूलाई उज्यालो कार्यक्रम मार्फत विशेष सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

## गाँउपालिकाको भौगोलिक सिमांकन

३३३. सभापोखरी गाँउपालिकाले सिमाना जोडिएको विभिन्न गाँउपालिका तथा जिल्लाहरूसंगको सिमांकन सम्बन्धमा एकिन गर्न सम्वन्धित मन्त्रालय लगायतका निकायहरू संग समन्वय गरी एकिन गरिनेछ ।

र अन्त्यमा, सभापोखरी गाउँपालिकाको नीति तथा कार्यक्रम तय गर्न निरन्तर सहायता प्रदान गर्नुहुने हातहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

मिति: २०७८।०३।१० गते